बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ५ अंक १७ मिति : फागुन १८ गते २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग -२

# बुद्धभूमि नगरपालिकाको मर्मत संभार शिर्षक कार्यक्रम संञ्चालन कार्यविधि २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।११।१५ गते

**प्रस्तावनाः-**

नगरपालिका क्षेत्रभित्रका सडक , वाटा-घाटा एवं गोरेटाहरु, पुल पुलेसाहरु, कुलो-नाला खोल्सा-खोल्सीहरु, घर-गोठहरु लगायत पूर्वाधारजन्य संरचनाहरु विविध कारणका साथै विशेष गरी वर्षात र खडेरीको कारणवाट वाढी-पहिरो-नदि कटान, आगलागी, डढेलो जस्ता घटनाहरु भईरहने र यस्तो अवस्थामा तत्कालै राहत सहयोग नपुगे ठुलो विनास पनि हुन सक्ने, तत्कालै सम्बोधन गर्नुपर्ने साना तिना पूर्वाधार निर्माण तथा मर्मतको काम र मनोवैज्ञानिक एवं सामाजिक रूपमा नकारात्मक सृजनासम्म हुन सक्ने यथार्थ लाई हृदयङ्गम गरि त्यस्ता प्रकारका घटनाहरुको यथाशिघ्र समाधान गर्न वान्छनिय देखिएकोले "मर्मत संभार शिर्षक कार्यक्रम संञ्चालन कार्यविधि २०७८" निर्माण गरिएको छ।

## परिच्छेद-१

**१. प्रारम्भिकः संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम **"मर्मत संभार शिर्षक कार्यक्रम संञ्चालन कार्यविधि-२०७८"** रहने छ।

ख. यो कार्यविधि स्वीकृत भएको मिति वाट लागु हुनेछ।

ग. यो कार्यविधि बुद्धभूमि नगरपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ।

**२. परिभाषा**:- विषय वा प्रसङ्कले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"मर्मत संभार शिर्षक कार्यक्रम"** भन्नाले स्थानिय वासिन्दा र वडाको निवेदन/

सिफारिसमा यस नगरपालिकाले उपलब्ध गराउने आर्थिक तथा अन्य सहयोगलाई बुझाउने छ।

ख. **"कार्यविधि"** भन्नाले यस नगरपालिकाको मर्मत संभार कार्यविधिलाई बुझाउने छ।

ग. **"प्रमुख"** भन्नाले नगर प्रमुखलाई सम्झनु पर्नेछ।

घ. **"उप-प्रमुख"** भन्नाले नगर उप-प्रमुखलाई सम्झनु पर्नेछ।

ङ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

च. **"समिति"** भन्नाले वडा समिति साथै नगर स्तरिय समितिहरुलाई समेत सम्झनु पर्नेछ।

छ. **"स्थानीय"** भन्नाले घटनाले प्रभावित क्षेत्रका सजिव र निर्जिव मानव तथा प्राणी र वनस्पतिलाई सम्झनु पर्दछ।

ज. **"कार्यालय"** भन्नाले यस नगरपालिकाको नगर कार्यपालिका कार्यालयलाई सम्झनु पर्दछ।

झ. **"खर्च"** भन्नाले तोकिएको शिर्षकमा नगर प्रमुख वा नगर कार्यपालिका कार्यालयले उपलब्ध गराउन अख्तियारी दिएको रकमलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

### ३. संचालन सम्बन्धि विधिः-

क. मर्मत संभार शिर्षक कार्यक्रम सञ्चालन गर्नका लागि नगर प्रमुख समक्ष निवेदन पेश गर्नुपर्ने छ।

ख. निवेदन पेश पछि नगर प्रमुखको तोकादेश वमोजिम लागत अनुमान तयार

गर्नुपर्नेछ।

ग. प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेपछि प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष पेश गर्नुपर्ने छ।

घ. पेश भइसकेपछि नगर प्रमुखबाट पाँच लाख रुपिया सम्मको रकमको सुनिश्चतता पश्चात लागत अनुमान तयार गर्न लगाइ लागत अनुमान स्वीकृत भएपछि मात्र मर्मत संभारको कार्य शुरु गर्नुपर्नेछ।

ङ. अन्य योजनामा जस्तै अनुगमन कार्य गर्दा वडा समिति वा उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिको सिफारिस वमोजिम गर्नुपर्नेछ।

च. योजनाको कार्यान्वयन र भुक्तानी प्रकृया अन्य योजना सरह हुनेछ।

## ४. कार्यक्रमको उद्देश्यः-

क. नगरक्षेत्र भित्रका पूर्वाधारजन्य संरचनाहरुको मर्मत संभारमा सहयोग पुर्‍याउने।

ख. नगर क्षेत्रभित्रका प्राकृतिक र मानव निर्मित दुवैखाले संरचनाहरुको संभार, मर्मत र संरक्षणमा सहयोग गर्ने।र साना पूर्वाधारको निर्माण गर्ने।

ग. सानो रकममा पुनःनिर्माण गर्न सकिने प्रकारका संरचनाहरुमा सहयोग गर्ने।

घ. सहयोग गर्दा सार्वजनिक हितका कार्यहरुलाई प्राथमिकतामा राखी कार्य अगाडी वढाउने।

ङ. नगरपालिका क्षेत्र भित्रका दुरदराजमा रहेका तथा पिछडीएका क्षेत्रहरुलाई र वस्तीहरुलाई प्राथमित्तामा राख्ने।

च. मर्मत संभार सम्बन्धि अन्य कार्य गर्ने।

## ५. विविध :-

क. मर्मत संभार शिर्षक कार्यक्रम सम्बन्धी केही विषयमा विवाद भएमा वा संशोधन

गर्नुपर्ने भएमा नगर प्रमुखले अन्तिम निर्णयका लागि नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

आज्ञाले
केशवराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत